# कर्णाली प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८२ साल श्रावण २१ गते बुधबार बैठकबाट भएका निर्णयहरु

| क्र.सं. | प्रस्ताव पेश गर्ने मन्त्रालय | निर्णयको बेहोरा |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कर्णाली प्रदेश सभाको दोस्रो कार्यकालको छैटौं अधिवेशन मिति २०८२/०४/२१ गते बुधबार राति १२:०० बजेदेखि लागु हुने गरी अन्त्य गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने। |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेशस्तरका कार्यालयहरुबाट सूचनाको हकको कार्यान्वयन भए नभएको विषयमा अनुगमन गर्न गराउन देहाय बमोजिमको कर्णाली प्रदेश अनुगमन इकाई गठन गर्नेः<br>सचिव, शासकीय सुधार महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय- संयोजक<br>उप सचिव, सूचना तथा सञ्चार महाशाखा, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य<br>सूचना अधिकारी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य सचिव |
| ३. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सर्वोच्च अदालतको मिति २०८२/०२/०७ गतेको परमादेश बमोजिम जाजरकोट जिल्लाको जुनीचाँदे गाँउपालिकाको प्रशासनिक केन्द्र सोही गाँउपालिकाको वडा नं ४ लुहादहमा तोक्न नेपाल सरकार समक्ष सिफारिस गरी पठाउने । |
| ४. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सचिव श्री धोलकराज ढकाल (क.सं.नं. १८१९०३) लाई सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतको रिक्त प्रदेश सचिव पदमा कामकाजमा खटाउने। |
| ५. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | "पत्रकारिता पुरस्कार वितरण कार्यविधि, २०८२" लाई स्वीकृत गर्ने। |